MANJUSHREE FINANCE LIMITED

मञ्जुश्री फाईनान्स लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.सं. : MFL/HO/2083-84/1016 मिति : २०८३/०६/२९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय: उन्नाईसौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्वन्धमा मिति २०८३/०६/२९ गते बिहीबार साँझ ६.०० बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको ३३९ औं बैठकबाट मिति २०८३/०७/२० गते शुक्रबार यस वित्तीय संस्थाको उन्नाईसौं वार्षिक साधारण सभा गर्ने निर्णय भएको र सो प्रयोजनको लागि तपशिल बमोजिमको प्रस्ताव सहित मिति २०८३/०७/११ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द रहने व्यहोरा जानकारी गराइन्छ ।

तपशिल:

बोनस शेयर :
हाल कायम चुक्ता पूंजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को ५% ले हुन आउने रकम रु. ६,७५,७७,६४२।४४ (अक्षेरेपी छ करोड पचहत्तर लाख सतहत्तर हजार छ सय बयालिस र पैसा चवालिस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

नगद लाभांश :
हाल कायम चुक्ता पूंजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को १५% ले हुन आउने रकम रु. २०,२७,३२,९२७।३२ (अक्षेरेपी बिस करोड सत्ताईस लाख बत्तिस हजार नौ सय सत्ताईस र पैसा बत्तिस मात्र) बरावरको नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

भवदीय,

विकास राज शाक्य
कम्पनी सचिव

बोधार्थ:
१. श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
५. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौं ।
६. श्री एन.आई.एम.बि. एस् क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

Corporate Office
Thapathali, Kathmandu
Tel: 977-01-4792517
Fax:977-1-4792534

New Baneshwor Branch 01-4792534/6780
Nepalgunj Branch 081- 537508/09
Bhairahawa Branch 071-590971/72
Biratchowk Branch 021-545115/16
Boudha Ext. Counter 01- 5923038
Narayanghat Branch 056- 596034/434
Dharan Branch 025- 535238/537662
Gaindakot Branch 078- 502315/16
Chabahil Branch 01- 5916559/60
New Road Branch 01- 5322103/57
Pokhara Branch 061- 574213/14
Bharatpur Branch 056- 590134/234
Gongabu Branch 01- 5912032/33
Butwal Branch 071- 535913/914
Birgunj Branch 051- 532037
Tandi Branch 056- 490026/27
Kalanki Branch 01- 5224022/34
Dhangadi Branch 091-526866
Murgiya Branch 071-440122/23
Parsa Bazar Branch 056-582961/62
Hetauda Branch 057-590044/55
Itahari Branch 025- 584286
Yogikuti Branch 071-438563/64
Inaruwa Branch 025-590031/32
Kumaripati Branch 01-5912072/74
Biratnagar Branch 021- 511194/95
Manigram Branch 071-562887/987
Jhumka Branch 025-562169
Thapathali Branch 01- 4791363/4794170

E-mail: info@manjushreefinance.com.np, Web: www.manjushreefinance.com.np

उन्नाईसौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावहरु :

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तसम्मको वासलात एवं आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम यस संस्थाको लेखापरिक्षण समितीको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/०८४ को लागि बाह्य लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ को वितरण योग्य रकमबाट यस संस्थाको हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को १५% ले हुन आउने रकम रु. २०,२७,३२,९२७।३२ (अक्षेरेपी बिस करोड सत्ताईस लाख बत्तिस हजार नौ सय सत्ताईस र पैसा बत्तिस मात्र) बरावरको नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषढ मसान्त सम्ममा कायम रहेको सञ्चित मुनाफाबाट यस संस्थाको हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को ५% (पाँच प्रतिशत) ले हुन आउने रकम रु. ६,७५,७७,६४२।४४ (अक्षेरेपी छ करोड पचहत्तर लाख सतहत्तर हजार छ सय बयालिस र पैसा चवालिस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तोकिएको व्यवस्था तथा शर्तहरु सहित रु. १००/- का दरले ४० लाख इकाई अर्थात रु. ४० करोड बराबरको ८.७५ प्रतिशत लाभांस दर कायम गरी मुनाफा भएको वर्ष मात्र मुनाफा वितरण हुने अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायको स्वीकृति प्राप्त भएका खण्डमा जारी गरी प्राथमिक पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाको अधिकृत पुँजी रु. १,३६,००,००,०००।- (अक्षेरेपी एक अर्ब छत्तिस करोड मात्र) रहेकोमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको उल्लेखित बोनस शेयर समायोजन तथा अग्राधिकार शेयर जारी गरे पश्चात अधिकृत पुँजी रु. १,८३,००,००,०००।- (अक्षेरेपी एक अर्ब त्रियासी करोड मात्र) पुऱ्याउने प्रस्तावलाई पारित गर्ने ।

४. विशेष प्रस्ताव (प्रस्ताव नं. १ र २) पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. नेपाल राष्ट्र बैंकको स्वीकृत लिई अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा सुविधालाई थप गरी यस वित्तीय संस्थाको नियमावलीको नियम २९(१)(ख) लाई संशोधन गर्ने ।

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको संशोधन, अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायतका सोसँग सम्बन्धित कार्यहरुको अनुमति/स्वीकृति/अभिलेख/अद्यावधिक आदी गर्ने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन वा सुझाव बमोजिम परिवर्तन, परिमार्जन, भाषा तथा अन्य सुधार वा थपघट लगायत आवश्यक संशोधन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन, परिमार्जन, भाषा तथा अन्य सुधार वा थपघट लगायत आवश्यक संशोधन गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) **विविध :**

MANUSHREE FINANCE LIMITED